


# बाइबल

परमेश्वरको प्रेरणाबाट लेखिएको बाइबल अचुक वा त्रुटिरहित धर्मशास्त्रको पुस्तक हो। यसमा परमेश्वरको दिमाग र सोच तथा हाम्रो निम्ति उहाँको बारेमा आत्मज्ञान समावेश गरिएको छ। यसमा मानिसको यथार्थ चित्रण गरिएको छ। पापको भ्रष्ट खाल्डोमा परेकालाई मुक्तिको

योजना, मानिसलाई संतुष्टि र आनन्द दिने ज्ञान बाइबलमा छ। यसमा भएका विद्या, शिक्षादीक्षाहरू पवित्र छन्। बाइबलका नीति वा व्यवस्थाले सबैलाई बाँधेको छ र यसको ऐतिहासिक तथ्यहरू सत्य सावित भएको छ। यसमा गरिएका कतिपय भविष्यवाणीहरू ठीक ठीक पूरा भएका छन् भने कतिपय पूरा हुन बाँकी नै छन्। यसमा भएका निर्णायक तथ्यहरू अटल छन्। यो पढियो भने मानिसलाई ज्ञानी र बुद्धिमानी बनाउँदछ। यसलाई विश्वास गरियो भने मानिस अनेकौं प्रलोभन तथा परीक्षाबाट सुरक्षित हुन्छ। त्यस अनुसार मानिस चल्यो भने उसलाई सिद्ध र पवित्र बनाउँछ। मानिस कुन बाटोमा हिंड्ने हो भनेर देखाउने यस पुस्तक मानिसको निम्ति बत्ती हो। यसमा

आत्मज्ञानहरुका पौष्टिक तत्वहरू छन्। खिन्न तथा उदास भएको बेलामा यो पढियो भने मनलाई साहस र उज्यालो पारिदिन्छ। जीवन यात्राको निम्ति यो नक्सा हो, आत्मिक तीर्थ यात्रुको निम्ति यो लौरो हो। मानिसको जीवनको जहाजको निम्ति यो कम्पासको सियो हो। शैतानसँगको युद्ध गर्न यो हतियार हो। येशूभक्तको चरित्र निर्माण गर्न यो चरित्र विज्ञान हो। गुमाइएको स्वर्गको आनन्दलाई पुनर्स्थापना गर्ने वचन यसमा छ भने स्वर्गको ढोका यसमा खोलिदिइएको छ। पापमा रमाइरहने र दुष्टलाई सदाको निम्ति नाश गरिने आगोको ज्वाला पनि खुलासा गरिएको छ। यसको महान् विषयबस्तु येशू ख्रीष्ट हुनुहुन्छ। हामीहरूको यथोचित र न्यायोचित

जीवनशैलीको ढाँचा यसमा कुँदिएको छ भने परमेश्वरको महिमालाई वर्णन गरेर यो पुस्तक अन्त गरिएको छ। हामीहरूको दिमाग परमेश्वरको वचनले भर्नुपर्छ। यसले नै हामीहरूको हृदय सम्हाल्नु पर्दछ। कदम कदममा हामी  हिँड्न यसलाई अगुवाई गर्न दिनुपर्छ। विस्तारै, प्रार्थनापूर्वक, श्रद्धापूर्वक र नियमित रूपमा यो पढ्नुपर्छ। यसमा खजानाको खानी छ, स्वर्गको महिमालाई छर्लङ्ग पार्दछ। सत्य आनन्दको खोलो यसमा बगाइएको छ। यसै जीवनमा यो तपाईंलाई दिइएको छ। न्यायको दिनमा यसलाई खोलिनेछ, अनि सदासर्वदा यो सम्झनाको निम्ति रहिरन्छ। यसमा मानिसको निम्ति अति महान् जिम्मेवारीलाई प्रकट गरिएको छ, परमेश्वरको निम्ति कडा परिश्रम गर्नेलाई

यसमा इनाम तोकिएको छ। यसको पवित्रतासँग खेलबाड गर्नेलाई दोषी ठहऱ्याइएको छ।

*"हे परमप्रभु, तपाईंको वचन सनातन र अनन्त छ, आकाशमा त्यो स्थिर रहन्छ" (भजनसंग्रह ११९:८९)*

"सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्" (२ तिमोथी ३:१५-१७)

*"तपाईंका वचन मेरा गोडाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो" (भजनसंग्रह ११९:१०५)।*

"किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ। परमेश्वरको दृष्टिमा सृष्टिको कुनै कुरा लुकेको हुँदैन। उहाँका नजरको सामुन्ने सबै कुरा स्पष्ट र खुला छन्, उहाँलाई नै हामीले लेखा दिनुपर्छ" हिब्रू ४:१२-१३।

*"मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो" एफिसी ६:१७।*

"परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन तर अविनाशी

वीर्यबाट तिमीहरू नयाँ गरी जन्मेका छौ। किनकि, “सबै प्राणी घाँसजस्तै हुन् र तिनका सबै गौरव घाँसका फूलजस्ता। घाँस ओइलाउँछ, र फूल झरिहाल्छ, तर प्रभुको वचन सदासर्वदा रहिरहन्छ।” १ पत्रुस १:२३-२५।

*"स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरा वचन बितेर जानेछैनन्।" मत्ती २४:३५।*

“कसैले मेरा वाणी सुन्छ, र ती पालन गर्दैन भने, म त्यसको न्याय गर्दिनँ। किनभने म संसारको न्याय गर्न आएको होइनँ, तर संसारलाई बचाउन आएको हुँ। मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एक जना न्यायाधीश छन्। जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ।” यूहन्ना १२:४७, ४८।

*"जब तपाईंका वचनहरू आए ती मैले खाएँ, ती मलाई रमाहट, र मेरो हृदयलाई आनन्द दिने कुरा भए, किनकि तपाईंको नाउँले म कहलाइन्छु, हे सर्वशक्तिमान् परमप्रभु परमेश्‍वर।" यर्मिया १५:१६।*

"तर "म उहाँको चर्चा गर्नेछैनँ, म फेरि कहिल्यै उहाँको नाउँमा बोल्नेछैनँ" भनी यदि म भन्छु भने उहाँको वचन मेरो हृदयमा जलिरहेको र मेरा हड्डीहरूमा थुनिराखेको आगोजस्तो हुन्छ। त्यसलाई भित्र रोकिराख्दा थकित हुन्छु, साँच्चै म त्यो थाम्ने सक्दिनँ।"

पेन्सल्भिनिया, मोमेन्ट विथ द बुकबाट
रूपान्तरितः भजुराम तखाछेँ श्रेष्ठ
bhajupurna@gmail.com